नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office

पत्र संख्याः २०७३।७४।४.६
चलानी नं. १६७

शाखाः- लेखा सुदृढिकरण तथा जनशक्ति विकास शाखा

मितिः २०७३।१२।२०

# सूचना

**विषय :- वैदेशिक अध्ययन/तालिम छात्रवृतिमा मनोनयन गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा सामान्य प्रशासन मन्त्रालय (जनशक्ति विकास शाखा) को प. सं. मिति २०७३/१२/१७ च.नं. ५१७ को पत्रबाट चिनिया दुतावासबाट प्राप्त चीनमा संचालन हुने तपसील अनुसारको तालिम/अध्ययन कार्यक्रममा सबै निकायलाई खुला गर्ने गरी निजामती सेवा ऐन, २०४९ (संशोधनसहित) को दफा ४० ख को उपदफा (३) बमोजिम गठित समितीको मिति २०७३/१२/१७ को वैठकबाट निर्णय भएको हुँदा उक्त कार्यक्रममा उपयुक्त उम्मेदवार मनोनयन गरी २०७३/१२/२२ भित्रमा अर्थ मन्त्रालय अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखामा पठाउनु हुन तथा सो को जानकारी यस मन्त्रालयमा समेत अनिवार्य रुपमा उपलब्ध गराउने व्यवस्था हुन आवश्यक कार्यार्थ पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ भनी लेखी आए बमोजिम यस कार्यालयको लागि तपसिल बमोजिमका कार्यकमहरुमा एक/एक कोटा प्राप्त भएकोमा योग्यता पुगेका इच्छुक कर्मचारीहरुबाट २०७३/१२/२१ गते कार्यालय समय भित्र निवेदन आव्हान गरिएको छ ।

(सुरेन्द्र पण्डे)
लेखा अधिकृत

**तपसिल**

| क.सं. | अध्ययन/तालिमको विषय | सिट संख्या | अध्ययन/तालिम | अध्ययन/तालिम को अवधि | फाराम सम्बन्धित संस्थामा पुग्नुपर्ने अन्तिम मिति | ब्रोसियर अनुसार योग्यता/सम्बन्धित निकाय वा अन्य प्रासंगिक कुरा |
|---|---|---|---|---|---|---|
| १ | Master of Professional Accounting program Shanghai National Accounting Institute | 1 (One) | Study | 2 years (2017/9/1-2019/8/31) | June 30,2017 | • be a bachelor's degree holder.<br>• be under the age of 45.<br>• have sufficient English or Chinese proficiency which meets of academic resquirements of the program. English : IELTS 6.0 or above, Chineses : HSK level 4 (Score 180) or above, or other evidence with indicates your English or Chinese proficiency is adequate. |
| २ | Master of Finance Central University of Finace and Economics | 1 (One) | Study | 2 years (2017/9/1-2019/8/31) | June 30,2017 | • be a bachelor's degree holder.<br>• be under the age of 45.<br>• have sufficient English or Chinese proficiency which meets of academic resquirements of the program. English : IELTS 6.0 or above, Chineses : HSK level 4 (Score 180) or above, or other evidence with indicates your English or Chinese proficiency is adequate. |


अनामनगर, काठमाडौं, फोन-०१ ४७७२९०, ४७७०७४९, ४७७०३५१ (ext-२२४), फ्याक्स. : ०१ ४७७१२९१
Email : info@fcgo.gov.np Web : www.fcgo.gov.np

नेपाल सरकार
# सामान्य प्रशासन मन्त्रालय
(जनशक्ति विकास शाखा)

पत्र संख्याः ज.वि.शा./२९३-२०७३/७४ चलानी नं. ५९८

मितिः २०७३।१२।१७

विषयः वैदेशिक अध्ययन/तालीम छात्रवृत्तिमा मनोनयन सम्बन्धमा ।

महालेखा नि... २३२३ १२।१८

तुरुन्त

श्री महालेखा नियन्त्रकको कार्यालय,
अनामनगर, काठमाडौं ।

चिनिँया दुतावासबाट प्राप्त चीनमा सञ्चालन हुने तपसिल अनुसारको अध्ययन/तालीम/अध्ययन भ्रमण कार्यक्रममा भाग लिन तहाँ मन्त्रालय वा अन्तर्गतबाट मनोनयन गर्ने गरी निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४०ख को उपदफा (३) बमोजिम गठित समितिको बैठकबाट मिति २०७३/१२/१७ मा देहाय बमोजिम निर्णय भएको हुँदा उक्त कार्यक्रममा उपर्युक्त संख्यामा उम्मेदवार मनोनयन गरी **मिति २०७३/१२/२२** भित्रमा अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखामा पठाउनुहुन तथा सो को जानकारी यस मन्त्रालयमा समेत अनिवार्य रुपमा पठाउने व्यवस्था हुन आवश्यक कार्यार्थ तहाँ पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

साथै तालीम तथा अध्ययन कार्यक्रममा उम्मेदवार मनोनयन गर्दा कार्यक्रमसँग असम्बन्धित व्यक्तिको मनोनयन भै सम्बन्धित संस्थाबाट कन्फर्मेशन नआएमा सो निकायलाई २ पटकसम्म छात्रवृत्तिमा समावेश नगर्ने भनी निर्णय भएको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

छात्रवृत्ति मनोनयनमा सम्बन्धित सेवा, समुह र श्रेणीभित्रका समावेशी (महिला, आदिवासी/जनजाती, मधेशी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र) तथा हालसम्म अवसर नपाएका र दुर्गममा सबभन्दा बढी अवधि काम गरेको आधारका साथै योग्यता पुगेका सहायकस्तरका कर्मचारीहरुलाई समेत प्राथमिकता दिई मनोनयन गर्नुहुन अनुरोध छ ।

तपसिलः

| क्र.सं. | अध्ययन/तालिमको बिषय | सिट संख्या | अध्ययन/तालिम | अध्ययन/तालिमको अवधि | फाराम सम्बन्धित संस्थामा पुग्नुपर्ने अन्तिम मिति | ब्रोसियर अनुसार आवश्यक योग्यता/सम्बन्धित निकाय वा अन्य प्रासंगिक कुरा | छात्रवृति वितरण गरिएका निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| 1 | Master of Professional Accounting Program Shanghai National Accounting Institute | 1 (One) | Study | 2 Years (2017/9/1-2019/8/31) | June 30, 2017 | • be a bachelor's degree holder.<br>• be under the age of 45.<br>• have sufficient English or Chinese proficiency which meets of academic requirements of the program. English: IELTS 6.0 or above, Chinese: HSK level 4 (score 180) or above, or other evidence which indicates your English or Chinese proficiency is adequate. | महालेखा नियन्त्रकको कार्यालयले मनोनयन गर्ने । |
| 2 | Master of Finance Central University of Finance and Economics | 1 (One) | Study | 2 Years (2017/9/1-2019/8/31) | June 30, 2017 | • be a bachelor's degree holder.<br>• be under the age of 45.<br>• have sufficient English or Chinese proficiency which meets of academic requirements of the program. English: IELTS 6.0 or above, Chinese: HSK level 4 (score 180) or above, or other evidence which indicates your English or Chinese proficiency is adequate. | महालेखा नियन्त्रक कार्यालयले को.ले.नि.का.हरु मध्येबाट मनोनयन गर्ने |

रविन्द्र मानन्धर
(शाखा अधिकृत)

बोधार्थः
श्री राष्ट्रिय योजना आयोगको सचिवालय, आर्थिक विश्लेषण तथा वैदेशिक सहायता समन्वय शाखा, सिंहदरवार।
श्री अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, सिंहदरवार ।
श्री परराष्ट्र मन्त्रालय, सिंहदरवार ।